नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौँ

## मौजुदा सूची दर्ता गर्ने सम्वन्धी सूचना

आर्थिक वर्ष २०८२/८३ मा यस विभागबाट हुने सार्वजनिक खरिद प्रयोजनको लागि मौजुदा सूची (Standing List) मा सूचीकृत (दर्ता) हुन चाहने आपूर्तिकर्ता, निर्माण व्यवसायी ,परामर्शदाता, गैह्र सरकारी संस्था वा सेवा प्रदायकले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ (१) संग सम्बन्धित अनुसूची २ (क) बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ । आफूले गर्न चाहेको कार्यको लागि छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ । रीत नपुगी आएका निवेदनलाई मान्यता दिइने छैन । प्राप्त दरखास्तहरु सूचीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

| | |
|---|---|
| **क) खरिद तथा आपूर्ति**<br>१. मसलन्द / कार्यालय तथा छपाई ।<br>२. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक तथा सवारी साधनका पार्टपूर्जा ।<br>३. फर्निचर तथा फर्निसिङ्गका सामानहरु<br>४. विज्ञापन / सूचना प्रकाशन<br>५. जार तथा वोटलको पिउँने पानी<br>६. पत्रपत्रिका<br>७. इन्टरनेट सेवा<br>८. धारा, पाइप तथा शौचालयका सामानहरु<br>९. सामान सहितको मालिको सेवा | **ख) मर्मत तर्फ**<br>१. सवारी साधन मर्मत सेवा ।<br>२. मोटरसाइकल तथा स्कुटर मर्मत सेवा ।<br>३. फर्निचर र फर्निसिङ्गका सामान मर्मत सेवा ।<br>४. इलेक्ट्रिक, इलेक्ट्रोनिक, पलम्वरिङ्ग, नेटवर्किङ्ग, आन्तरिक टेलिफोन प्रणाली, सिसिटिभि, सर्भर लगायतका सम्पूर्ण मालसामान तथा प्रणालीको वार्षिक मर्मत सेवा । |
| **ग) सेवा तथा परामर्श**<br>१. सफ्टवेयरको विकास तथा संचालन सम्वन्धी सेवा<br>२. अध्ययन अनुसन्धान तथा परामर्श सम्वन्धी कार्य । | **घ) निर्माण कार्य**<br>१. भवन मर्मत सुधार<br>२. रंगरोगन<br>३. पदमार्ग निर्माण<br>४. पर्यटकीय पूर्वाधार निर्माण |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. संस्था वा फर्म दर्ताको प्रमाणपत्र ।
२. स्थायी लेखा नम्बर वा मूल्य अभिबृधी कर दर्ता प्रमाणपत्र ।
३. नियमानुसार कर चुक्ता प्रमाणपत्र ।
४. आवश्यक अनुसारको ब्यवसाय दर्ता इजाजत पत्र तथा नविकरण ।

**नोट:** सूचीकृतको निवेदन विभागको Website: tourismdepartment.gov.np बाट Download गर्न सकिने छ । सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचा बाहेकको निवेदन स्वीकार्य हुने छैन । निवेदनमा - इमेल, मुख्य व्यक्तिको नाम, ठेगाना, फर्म / कम्पनीको दर्ता नम्वर, सम्पर्क नम्वर, कामको विवरण लगायतका बिषय अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

पर्यटन विभाग,
भृकुटीमण्डप, काठमाडौँ ।